सकेसम्म स्वदेशमै रोजगारी गरौं, विदेश जाने नै भए शिप तालिम लिएर मात्र जाऔं ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षिक आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ८ | अंक ७८ | श्रेणी 'क' | २०७२ पुस २ गते बिहीबार | 17 Dec. 2015 | पृष्ठ ४ | मूल्य रू. ५/-

**खुशीको खबर !!!**
योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

## क्रियाशील सदस्यता विवादले कांग्रेसमा गम्भीर मतभेद

गोल्डेन न्यूज संवाददाता
काठमाडौं १ पुस ।

मुलुककै सबैभन्दा ठूलो र पुरानो दल नेपाली कांग्रेसको आसन्न महाधिवेशनको प्रमुख आधारशिलाको रुपमा मानिने पार्टी क्रियाशिल सदस्यताको विवादले पार्टीभित्रै गम्भिर मतभेद उत्पन्न हुने सम्भावना देखिएको छ। पार्टी क्रियाशील सदस्यता छानविन समितिले झण्डै १० महिना लगाएर तयार पारेको चार पानाको प्रतिवेदनमाथि नै पार्टी सभापति सुशील कोइराला पक्षकै कतिपय सदस्यहरुले गम्भीर असन्तुष्टि र आक्रोस जनाएका छन्।

केन्द्रीय सदस्य नरहरि आचार्यको संयोजकत्वमा गठित तीन सदस्यीय छानविन समितिले तयार पारेको प्रतिवेदन अनुसार, १२औं महाधिवेशनको भन्दा २ लाख २ हजार १ सय ७९ नयाँ सदस्य थपीएपछि १३औं महाधिवेशनका लागि कुल ४ लाख ७० हजार ६ सय ५५ सदस्यता कायम रहने उल्लेख छ। अघिल्लो महाधिवेशनमा सक्रिय सदस्यता लिएका ५९ हजार ४ सय ६४ सदस्यले आफ्नो सक्रिय सदस्यता नविकरण गरेका छैनन्।

यसमध्ये, छानविन समितिले छानविन समितिको प्रतिवेदन पार्टीको केन्द्रीय समितिमा बुधबार पेश गर्दै समिति संयोजक आचार्यले पार्टीको विधान अनुसार, नयाँ सदस्यता वितरण र नविकरण कार्य महाधिवेशनको एकवर्ष पूर्व नै सम्पन्न गर्नुपर्ने प्रावधान भएपनि यो प्रावधान व्यवहारमा कहिल्यै पनि आउन नसक्दा उक्त प्रावधानलाई निलम्बन गर्ने गरिएको छ।

उक्त प्रावधानको सैद्धान्तिक आवश्यकतासँगै व्यवहारिक कठिनाईका कारण १३ औं महाधिवेशनमा यस अघिका महाधिवेशनमा जस्तै नयाँ र नविकरणतर्फ सबै क्रियाशील सदस्यता समितिले गरेको निर्णय अनुसार नामावली कायम हुने र आगामी १४औं महाधिवेशनदेखि वैधानिक रुपमा नै नविकरण गरिनु उपयुक्त हुने समितिको सुझाव रहेको छ। समितिको छानविन अनुसार, ताप्लेजुङ, धनकुटा, दोलखा, सिन्धुली, मनाङ, रुकुम, रोल्पा, जुम्ला, बाजुरा र दार्चुला गरी जम्मा १० जिल्लामा बाहेक बाँकी ६५ जिल्लामा क्रियाशील सदस्यताको विवाद देखिएको थियो।

नुवाकोट, महोत्तरी, सिराहा, सप्तरी र पर्सा जिल्लाका सबै निर्वाचन क्षेत्र, धनुषा जिल्लाका निर्वाचन क्षेत्र १, ४, ५, ६ र ७ निर्वाचन क्षेत्र, रौतहटको १ देखि ३, सिन्धुपाल्चोकको २, डोल्पाका १८ जना विशेष व्यक्ति बाहेक सबै, मोरङको क्षेत्र न ८, निर्वाचन क्षेत्र न ७ को विराटनगर उप-महानगरपालिका १५, निर्वाचन क्षेत्र ६ स्थित विराटनगर उप-महानगरपालिका १, क्षेत्र नम्बर ५ का केही गाविसका नयाँ सदस्यलाई १३औं महाधिवेशनमा मताधिकार नदिने निर्णय गरेको छ।

त्यसैगरी, रसुवाको हाकु गाविस, सोलुखुम्बुका १७ गाविस, काठमाडौंका केही गाविस र वडा, रुपन्देही, कपिलवस्तु, उदयपुर, जाजरकोट जिल्लाका केही गाविसका नयाँ सदस्यहरुले पनि मताधिकार पाउने छैनन्। यस अलवा भक्तपुर, इलाम, कैलाली र बाँकेका केही गाविसबाट प्रक्रिया पूरा नगरी आएका नयाँ फारम पनि हाललाई स्थगित गरेको छ। रमेश लेखक र रामकृष्ण यादव सदस्य रहेको छानविन समितिले सक्रिय सदस्यता विवाद सुल्झाउदै त्यसको व्यवस्थापन गर्न ९ बुँदे सुझाव पनि दिएको छ। आजको बैठकमा छानविन समितिले प्रतिवेदन पेश गरे लगत्तै पार्टीका केन्द्रीय सदस्यहरु बलबहादुर केसी, फरमुल्लाह मन्सुर र आनन्दप्रसाद ढुंगानाले पार्टी क्रियाशील सदस्यता वितरणदेखि छानविनसम्मको प्रतिवेदन हेर्दा पार्टी कब्जा गर्ने रणनीतिमा आएको आरोप लगाएका थिए।

केसीले आफ्नो गृह जिल्ला सोलुखुम्बुका कतिपय गाविसमा सदस्यता वितरण र नविकरण प्रक्रियामा गम्भीर त्रुटी भएपनि छानविन समितिले कुनै अध्ययन नगरी प्रतिवेदन तयार पारेको आरोप लगाउदै यसले पार्टी समाप्त हुने खतरा रहेको बताएका थिए। छानविन समिति संयोजक आर्चायप्रति लक्षित गर्दै केसीले पढेलेखेको विद्वानले राम्रो गर्लान् भनी सभापतिले जिम्मेवारी दिएपनि पार्टीको इतिहास बुझ्न नसकी संगठन नै समाप्त पार्न लागेको आरोप लगाएको बैठकका एक सदस्यले बताए। अर्का सदस्य बालकृष्ण खाँणले नयाँ संविधान अनुसार पार्टीको अधिवेशन

बाँकी अन्तिम पृष्ठमा......

## भूकम्पबाट प्रभावित संरचनाको पुन:निर्माण विधेयक पारित

काठमाडौं १ पुस ।

दलबीचको लामो विवाद पश्चात् भूकम्पबाट प्रभावित संरचनाको पुन:निर्माण गर्ने सम्बन्धमा बनेको विधेयक, २०७२ पारित भएको छ । व्यवस्थापिका-संसद्को बैठकले भूकम्प गएको नौ महिनापछि बल्ल कानुन पारित गरेको हो । सत्तारुढ दल र प्रमुख प्रतिपक्षी दलबीचको विवादका कारण रोकिँदै आएको, एवम् प्रमुख कार्यकारी अधिकृत को हुने भन्नेमा खिचातानीसमेत हुँदै आएको सो विधेयक सर्वसम्मतले पारित गरेको हो । बैठकमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अग्निप्रसाद खरेलले भूकम्पबाट प्रभावित संरचनाको पुन:निर्माण गर्ने सम्बन्धमा बनेको विधेयक, २०७२ प्रस्तुत गरेका थिए ।

गत वैशाख १२ गते गएको गोरखा भूकम्प र त्यसपछिका परकम्पले मुलुकका १४ जिल्ला पूर्णरुपमा प्रभावित भएका थिए भने ३१ जिल्ला प्रभावित भएका थिए । आठ हजार ८८९ जनाको मृत्यु, करिब आठ लाख घर तथा आवासको क्षति तथा २१ हजार बढी घाइते भएका थिए । अर्बौंको क्षति भएको थियो । पुरातात्विक महत्वका सम्पदा, विश्व सम्पदा सूचीमा रहेका सम्पदा एवम् ऐतिहासिक कलाकृतिसमेत भूकम्पको चपेटामा परेको थियो ।

यसअघि नेपाली काँग्रेसका सांसद नवीन्द्रराज जोशीले भूकम्पबाट प्रभावित भएका जनताले हालसम्म केही पनि राहत नपाएको बताए। भूकम्पपीडित जनताको पीडा सांसदले अनुभव गर्न नसकेको र उनीहरुको भूमिका समेत नरहेको उल्लेख गरे । सरकारले दिएको रु १५ हजार राहत रकम पनि आधाभन्दा कम भूकम्पपीडितले मात्रै पाएको उल्लेख गर्दै पीडितलाई राहत दिन कुनै विधेयक र कानुनसमेत नचाहिने तर दलले राजनीति गरेको आरोप लगाएका थिए ।
नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले भारतको नाकाबन्दीका कारण पुन:निर्माणको काम अगाडि बढ्न नसक्ने भएकाले सदनमा सो विषय छलफल हुनुपर्ने बताए । भारतको अघोषित नाकाबन्दीका कारण सम्पूर्ण जनजीवन प्रभावित भएको उल्लेख गर्दै उनले घर बनाउने, काठ उपलब्ध गराउने विषयमा विधेयकमा कुनै पनि विषय समावेश नभएकामा आपत्ति प्रकट गरे ।
गत असोज २ गते नै सो विधेयक पारित गर्ने सहमति भएको थियो । नेकपा (एमाले) र एकीकृत नेकपा (माओवादी)का तर्फबाट तीन दर्जनभन्दा बढी संशोधन प्रस्ताव दर्ता गरेका थिए । तर दलबीच सहमति हुन नसक्दा विधेयक अगाडि बढ्न सकेको थिएन ।

यता, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अग्निप्रसाद खरेलले दलबीचको सहमतिका आधारमा नै भूकम्पबाट प्रभावित संरचनाको पुन:निर्माण गर्ने सम्बन्धमा बनेको विधेयक, २०७२ पारित भएको बताए । विधेयकका सम्बन्धमा सांसदको प्रश्नको जवाफ दिँदै उनले भूकम्प प्रभावित क्षेत्रका सांसदलाई समावेश गरिएको, राहत तथा पुन:स्थापनाका विषयमा प्रष्ट अवधारणा अगाडि सारिएको उल्लेख गरे । उनले प्रभावित क्षेत्रमा कम्बल पुऱ्याउन र राहत दिन कानुन आवश्यक नपर्ने भए पनि विविध कारणले समस्या पैदा भएको उल्लेख गरे । विगतमा धैरे संशोधन प्रस्ताव परेका कारण सदनमा छलफल गर्न समस्या परेको यथार्थ प्रस्तुत गर्दै उनले अब पुन:निर्माणको काम प्रभावकारी रुपमा अगाडि बढ्ने बताए । व्यवस्थापिका-संसद्को अर्को बैठक यही पुस ३ गते शुक्रबार बिहान ११ बजे बस्नेछ । रासस

## नपाका अधिकारीलाई स्वागत,प्रजिअ राउतलाई बिदाई

गोल्डेन न्यूज संवाददाता
पोखरा १ पुस ।




पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत झलकराम अधिकारीले आफू नगरवासीसँग विकासका काममा सहकार्य गरेर अगाडि बढ्न इच्छुक रहेको बताएका छन् । पश्चिमाञ्चल होटल संघ पोखराले उनको स्वागत र सम्मानमा हालै लेकसाइडमा आयोजना गरेको कार्यक्रममा बोल्दै अधिकारीले विकासमा सहकार्य गरेर अगाडि बढे त्यस्तो विकास दिगो हुने भनाई राखे । पोखरा उपमहानरपालिका विकास निर्माणका काम र पोखराको पर्यटन प्रवर्द्धनका काममा संघसँग सहकार्य गरेर अगाडि बढ्न तयार रहेको पनि कार्यकारी अधिकृत अधिकारीले बताए । अधिकारी यसअघि पनि पोखरा उपमहानगरपालिकाको कार्यकारी अधिकृत रही सकेका थिए । फेवा ताल वरपर साइकल मार्ग र पदयात्रा मार्गको निर्माण, नगरमा सौर्य बत्ती विस्तार, फेवा तालको संरक्षण, सडकमार्गको विस्तार लगायतका कामलाई आफूले जनताको साझेदारीमा अगाडि बढाउने उनले सो अवसरमा प्रतिबद्धता व्यक्त गरे ।

संघका अध्यक्ष भरतराज पराजुलीले पोखरामा सौर्य बत्ती जडान, फोहोरमैला व्यवस्थापन, एसियाली विकास बैंकको कालो सूचीबाट पोखरालाई मुक्त गर्न कार्यकारी अधिकृत अधिकारीले यसअघि उल्लेखनीय र सकारात्मक भूमिका खेलेको बताए । यसैगरी छाडा चौपायको नियन्त्रण र पर्यटनको विकासमा समेत अधिकारीले गरेको कामको पराजुलीले प्रशंशा गरे । कार्यक्रममा फेवा तालबाट जलकमुम्भी झार हटाउने र त्यहाँको माटो हटाउने मेशिन ल्याउन, हल्लनचोक क्षेत्रमा पर्यटन सूचना केन्द्र राख्न, मालपोत नजिकको पुललाई सुरक्षित र भरपर्दो बनाउन माग पनि गरिएको थियो ।

सो अवसरमा संघका सल्लाहकारहरु गोविन्दराज पहारी, सुन्दरकुमार श्रेष्ठ, बच्चुराम तिवारी, लक्ष्मीवहादुर भट्टराई, संघका प्रथम उपाध्यक्ष विकल तुलाचन, तालिमका सहभागी एवं नेपाल पर्यटन वोर्डका पूर्व सदस्य वासुदेव त्रिपाठी, अर्की सहभागी उर्मिला श्रेष्ठ, टोल विकास समवन्वय समितिका संयोजक गिरिराज अधिकारी र तालिमकी प्रशिक्षक नेदरल्याण्डकी एनी मिटेरडोरफरले पनि आफ्ना भनाई राखेका थिए । सो अवसरमा तालिमका प्रशिक्षार्थीलाई कार्यकारी अधिकृत अधिकारीले प्रमाणपत्र वितरण गरेका थिए । नेदरल्याण्ड स्थित पुम नामक विज्ञहरुको संस्थाको सहकार्यमा सुरु भएको चार दिने पर्यटन तथा होटल व्यवस्थापन तालिममा पोखरा स्थित विभिन्न होटलका संचालक, व्यवस्थाक एवं कर्मचारी गरी ४० जनाको सहभागिता रहेको तालिम संयोजक एवं संघका द्वितीय उपाध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए । नेपाल पर्यटन वोर्डले कार्यक्रमलाई सघाएको थियो । कार्यक्रमको संचालन संघका महासचिव भेकेन्द्रकुमार श्रेष्ठले गरेका थिए ।

यसैबिच कास्कीको प्रमुख जिल्ला अधिकारीबाट सरुवा भई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित अध्यागमन कार्यालयमा जिम्मेवारी सम्हाल्न जान लागेका कृष्णवहादुर राउतलाई पश्चिमाञ्चल होटल संघ पोखराले विदाई गरेको छ । सो अवसरमा संघका पदाधिकारी तथा सल्लाहकारले अध्यागमन कार्यालय मार्फत देशविदेशमा नेपालको छवि उँचो राख्ने खालको काम गर्न प्रमुख जिल्ला अधिकारी राउतलाई सुझाव दिएका थिए । विमानबाट विदेशी पर्यटक विमानस्थलमा अवतरित हुन साथ त्यहाँको व्यवहार र गतिविधि हेरेर नेपालप्रति आफ्नो धारणा बनाउने स्मरण गराउँदै पर्यटकप्रति गरिने व्यवहारमा सुधार ल्याउन सुझाव दिइएको हो ।

कार्यक्रममा बोल्दै राउतले १९ महिने आफ्नो कार्यकालमा निर्वाह गरेको भूमिकाबाट आफू सन्तुष्ट भएको बताए । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको मुअब्जा वितरण, लुम्ले र भदौरे तमागिमा पहिरो जाँदा आफूले खेलेको जनसहयोगी भूमिका, विनासकारी भूकम्प जाँदा खेलेको समन्वयकारी भूमिका, सडक विस्तार र नाकाबन्दीको समस्यामा जनतालाई पुऱ्याएको योगदानको प्रजिअ राउतले स्मरण गरे ।

## बन्द प्याराग्लाइडिङ पुन: संचालनमा

गोल्डेन न्यूज संवाददाता
पोखरा १ पुस ।

तीन दिनसम्म बन्द रहेको पोखराको प्याराग्लाइडिङ पुन: सञ्चालनमा आएको छ । व्यबशायिक पाइलटले उडान अनुमति शुल्क नतिरहेको भन्दै नागरिक उड्डयन कार्यालय पोखराले उडान क्षेत्रमै पुगेर रोक लगाएपछि व्यवसायीले बन्द गरेको प्याराग्लाइडिङ उडान बुधवारबाट पुन सुरु भएको हो ।

समस्या समाधानको लागि मंगलबारको वार्ता भएको र सकारात्मक संकेत आएकाले आन्दोलन जारी राख्दै प्याराग्लाइडिङ भने संचालन गरिएको नेपाल हवाई खेलकुद संस्था नाका महासचिब बसन्त दवाडीले बताए । नागरिक उड्डयन कार्यालय पोखरा, नेपाल हवाई खेलकुद संस्था, पोखरा पर्यटन पुन:जागरण समिति र पर्यटन व्यावसायीहरु बीचको व्यवसायीहरु प्याराग्लाइडिङ उडान सञ्चालन गर्न राजी भएका हुन् ।

नेपाल हवाई खेलकुद संस्थाले अस्थायी उडान अनुमति पत्र (लाईसेन्स) प्राप्त गरेका व्यवसायिक पाइलटले उडान अनुमतिको लागि तिर्नुपर्ने पटके अनुमति शुल्क खारेजीको माग गरेको छ । सोहि शुल्क विवादको कारण नागरिक उड्डयनका कर्मचारीलाई उडान क्षेत्रबाटै पाइलटलाई फिर्ता पठाएका थिए । उडान अनुमति शुल्कको माग सम्वोधन नभए नेपाल नागरिक उड्डयन प्राधिकरण क्यान सम्म पुग्ने उनीहरुले बताएका छन् । पोखरामा करिब एक सय ७ जना नेपाली प्याराग्लाइडिङ पाइलट भएपनि ५० प्रतिशतले कार्तिक मसान्त पछि उडान शुल्क नतिरेको नागरिक उड्डयन कार्यालय पोखराका प्रमुख दिपक बरालले बताए । नागरिक उड्डयन कार्यालयले शुल्क नतिर्ने पाइलटलाई उडान भर्न नदिने चेतावनी दिएको छ । पहिलो चरणको अनुगमनमा अवैध रुपमा प्याराग्लाईडिङ गरेको भेटेमा ५ हजार, दोश्रो पटक हुदै तेश्रो पटकसम्म भेटेको खण्डमा लाईसेन्स नै खारेज गर्ने बरालले बताए। व्यवसायिक प्याराग्लाइडिङ पाइलटले मासिक ९ हजार ४५ रुपैयाँ उडान शुल्क तिर्दै आएका थिए ।

अनुशासन र नैतिकताविहीन व्यक्ति र समाज अन्ततगोत्वा पतन भएर जान्छन्, त्यसैलै राष्ट्रिय जीवनमा हरेक आयामहरुमा उदाहरणीय अनुशासन र नैतिकता कायम गर्नुपर्छ । त्यसको शुरुवात आँफैबाट गरौं ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

**मुटुरोगीहरुलाई खुशीको खबर**
शहीद गंगालाल हृदयरोग केन्द्र काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. मुरारी ढुङ्गानाद्वारा उच्च रक्तचाप, मुटु हल्लिने, स्वाँ स्वाँ हुने, छाती दुख्ने, भारी हुने एन्जियोग्राम गरेको बिरामीहरू र एन्जियो पलास्ट गरेका बिरामीहरूलाई लाभ लिनुहुन अनुरोध गरिन्छ । साथै, ECG र ECO को पनि व्यवस्था छ । नयाँ तथा पुराना रोगीहरूले आफ्नो पुरानो सम्पूर्ण रिपोर्टसहित आउनुहोला ।
स्थान: अस्मानी फार्मेसी
(पुरानो चरक हस्पिटल अहिलेको गण्डकी मेडिकल कलेजको Opposite पश्चिमाञ्चल डेण्टल हस्पिटलसँगै)
मिति : २०७२ पुस ४ गते, शनिबार
समय : बिहान ८:00 बजेदेखि बेलुका ३:00 बजेसम्म
सिट सीमित भएकोले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्क: ०६१-५३४७४९, ९८४६०७७४४८, ९८५६०३७४४९

**BABIN TAILORING**
Shirting & Suiting
बबिन टेलरिङ नै किन ?
तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
आकर्षक तथा आधुनिक डिजाइनका लागि,
आकर्षक कोटका लागि गुणस्तरीय फेस्टिङ मेशिन प्रयोग गरिने,
यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।
बबिन टेलरिङ सटिङ एण्ड सुटिङ
DIGJAM | Ashvira | OCM | Raymond

**हार्दिक बधाई एवं शुभकामना**



ला. सरोज श्रेष्ठ



ला. सुमन विजुक्छे

नेपाली युवा उद्यमी मञ्च पोखराको हालै सम्पन्न छैठौं अधिवेशन तथा ११औं साधारणसभाबाट यस क्लवका संस्थापक अध्यक्ष लायन्स सरोज श्रेष्ठ गरिमामय अध्यक्ष पदमा र संस्थापक सदस्य लायन सुमन विजुक्छे नोमिनी अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरु लगायत सम्पूर्ण पदाधिकारी एवं सदस्यहरुको कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

लायन गुणाखर सापकोटा
अध्यक्ष एवं
लायन्स क्लव अफ पोखरा मुनाल परिवार

■ अरुको भनाइ अनुसार सधैं नचल। आफ्नो निर्णयलाई गुरु मान। अरुको बाटोमा हिँड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन। - **सेक्सपियर**

## सम्पादकीय . .

# गन्तव्यमा पुग्ला नयाँ शक्ति ?

केही महिनादेखि नेपालमा नयाँ शक्तिको चर्चा छ। यसलाई खासगरी एनेकपा माओवादी पार्टीभित्र भएको राजनीतिक बर्चस्वको लडाईंमा बाबुराम भट्टराईको हारले उब्जाएको कुण्ठाको अभिव्यक्ति पनि भन्ने गरिन्छ। कसैले यसलाई मार्क्सवादबाट बाबुरामको पलायन र पुँजीवादी शक्तिसँगको आत्मसर्मणसँग जोडेर पनि हेरेका छन्। जसले जे भनेपनि नयाँ शक्तिको गठनसँगै बाबुरामको वैचारिक निष्ठाको धरहरा भने ढलेको छ र उनी एउटा अविश्वाशिलो राजनीतिक पात्रका रूपमा नेपाली राजनीतिमा देखापरेका छन्। पार्टी वहिर्गमनको घोषणा गर्दा नयाँ शक्तिमा नयाँ मान्छे, नयाँ विचार, नयाँ गन्तव्य भनेर खुव प्रचार गरे तर, नयाँ शक्तिको गठनको लागि काठमाडौंको चावहिलमा भएको भेलामा शुभकामना दिन पुगेका केही नागरिक अगुवाबाहेक अन्य सबै एमाओवादी पार्टीका पुरानै कार्यकर्ता मात्र भए। उक्त भेलाले छनौट गरेका अभियन्ताको सूची बाबुरामको पुरानै एमाओवादी घेराभन्दा बाहिर जानै सकेन। नयाँ शक्ति, नयाँ मान्छे, नयाँ विचार, नयाँ गन्तव्य जे भने पनि फेरि उही हिसिला यमी, देवेन्द्र पौडेल र बाबुराम सत्तामा हुदाँ नजिक रहेका कार्यकर्ता मात्रै परे। नयाँ शक्तिमा देखिएको वैचारिक अस्पष्टता, ढुलमुले प्रवृत्ति, यसमा संलग्न व्यक्तिहरूको प्रकृति र तिनको विगतलाई केलाउँदा 'नयाँ शक्ति' पुरानो बोतलमा पुरानै रक्सी' जस्तो भयो। नयाँ शक्तिका प्राधिकार बाबुराम हुन, त्यसैले यो उनकै राजनीतिक इतिहासको प्रतिविम्ब पनि हो। नयाँ शक्तिलाई बुझ्न बाबुरामको राजनीतिक विगतलाई कोट्याउँदा उनी जगैदेखि उठेका नेताभन्दा पनि मोहनविक्रमको तेजोबध गर्नका लागि तत्कालीन नेकपा मसालबाट मोहन वैद्य र प्रचण्डले टिपेर आफ्नो पार्टीको नेतृत्वमा स्थापित गराएका नेता हुन्। उनलाई आफ्नो पार्टीमा ल्याएर मोहन वैद्य र प्रचण्डले मोहनविक्रमको राजनीतिक मेखमात्रै मारेनन्, उनको भारतसँगको कुशल सम्बन्धलाई सशस्त्र द्वन्द्वताका राम्रै उपयोग पनि गरे। तर प्रचण्डले पार्टीको शीर्ष नेतृत्वमा पुग्ने बाबुरामको महत्वकाक्षांलाई कहिल्यै पूरा हुन दिएनन। यही असन्तुष्टिबाट उब्जिएको बाबुरामको कुण्ठा नै नयाँ शक्तिको राजनीति हो। बाबुरामले आज जेजे भने पनि विगतलाई हेर्दा उनको अन्तरमनमा अनुराग र निष्ठा छ भनेर पत्याउने आधार छैन। १० वर्षे माओवादी युद्धकालमा भएका हत्या, हिंसा र लुट, विकासका पूर्वाधारहरू ध्वस्त, आगजनी र तोडफोडका घटना साथै फरक विचार राख्नेप्रतिको बाबुरामको असहिष्णु व्यवहार सबैले भोगेकै कुरा हो। विचार तथा अभिव्यक्ति स्वतन्त्रतामाथि धावा बोलेर नयाँ जनवादी सत्ताको एकलौटी साम्राज्यको सपना बाबुरामले राम्रैसँग देखेका थिए। संविधानसभाको निर्वाचनमा उनको चुनावी क्षेत्रमा बुथहरू कब्जा मात्रै गरिएन, एमाले र काँग्रेसका नेता तथा कार्यकर्तामाथि सांघातिक अक्रमण गरेर चुनावलाई एकलौटी पार्ने काम पनि भए। यस्ता घटनाले बाबुराम लोकतान्त्रिक मूल्य, मान्यताप्रति कत्तिको निष्ठावान छन् भन्ने कुराको पुष्टि गर्दछन। बाबुराम नेपालको समकालिन राजनीतिमा बौद्धिक व्यक्तित्व मानिन्छन, तर यसो भन्दैमा नेपालको राजनीतिमा उनी एक्ला खेलाडी भने पक्कै होइनन। उनले नयाँ शक्तिको नाममा राजनीति गर्न खोजिरहँदा विगतमा उनले खेलेको राजनीतिक भूमिका र त्यसले उब्जाएको मानवीय, आर्थिक र तथा सामाजिक संकटको चर्चा र समीक्षा पनि महत्वपूर्ण हुन्छ। राजनीतिमा विचारलाई हतियार मानिन्छ। विचारविहीन राजनीतिले अराजकतामात्र निम्त्याउँछ र त्यसले गन्तव्य फेला पार्न सक्दैन। बाबुरामको नयाँ शक्ति त्यही विचारविहीन अभियान भएकाले यसले केही समय भ्रम पार्न सके पनि गन्तव्यमा पुग्न भने दिदैन।

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल पौष २ गते बिहीबार, तदनुसार दिसाम्बर १७ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार मार्गशीर्षशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज मार्गशीर्षशुक्लपक्षको षष्ठी तिथि १८ घटि ३८ पला अर्थात दिनमा २ बजेर १५ मिनेटसम्म त्यसउप्रान्त सप्तमी तिथि लाग्नेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा कुम्भव राशिमा अहोरात्र रहनेछ। आज दिनमान २५ घटि ५२ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४८ मिनेटमा रावण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०९ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसँग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइनेछ, दिन शुभ छ।

**वृष** : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुने।

**मिथुन** : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ।

**कर्कट** : आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला।

**सिंह** : नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रबाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपूर्ण रहनेछ।

**कन्या** : पुरानो कार्यबाट आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरु बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ।

**तुला** : आफ्नै पेशाबाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला।

**वृश्चिक** : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशाबाट घाटा हुन सक्ने, सामाजिक कचिलोले गर्दा दिनभर चिन्ता पर्नेछ।

**धनु** : मित्रहरुबाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वादिष्ट ब्यञ्जन प्राप्त हुने।

**मकर** : स्वास्थ्यमा क्रमिक सुधार आउनेछ, सापटी दिएको धन प्राप्त हुनेछ, दिन शुभ छ उपयोग गर्नुहोला।

**कुम्भ** : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसँग पनि विवाद पर्न सक्नेछ, चनाखो हुनुहोला।

**मीन** : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सक्रिय हुँदै जान सक्नेछन, स्वास्थ्य हानी समय तथा दिन खराब छ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# भारत के चाहन्छ, हामी के चाहन्छौं ? (भाग २)



अमित ढकाल

दुई साताअघि म नेपाली कांग्रेसका एक पदाधिकारीसँग कुरा गर्न गएको थिएँ। भेटमा उनले आश्चर्य पोखे, 'म भारत बुझ्छु भन्ठान्थेँ, तर यसपालि भारतले नाकाबन्दी किन लगायो मैले बुझ्न सकेको छैन।' संविधान जारी गर्दा मधेसवादी दलहरूलाई सँगै लिएर जान नसकेको र यही कारणले मधेसमा हिंसा-अशान्ति फैलिएपछि काठमाडौंलाई दबाब दिन भारतले नाकाबन्दी लगाएको तर्कसँग उनी सहमत छैनन्। 'त्यसो भए भारतको चाहना के हो त?' मैले सोधेँ, 'भारतले नाकाबन्दी गर्नुको कारण राजनीतिको केन्द्रमा रहेका कुनै नेतालाई त थाहा हुनुपर्यो नि! त्यसपछि मात्र गतिरोधको निकास खोज्न सकिन्छ, होइन र?' एकछिन गमेर उनले भने,-'भारतले के खोजेको हो भन्ने कि सुशिल कोइरालालाई थाहा छ कि केपी ओलीलाई।' मैले फेरि च्यापेँ, 'मुलुकको यत्रो ठूलो संकटको कारण कोइराला र ओलीलाई मात्र थाहा हुने, अरू कसैलाई नहुने पनि हुन्छ? तपाईंहरूलाई त कम्तिमा थाहा हुनुपर्ने होइन?'

'हामीलाई थाहा हुनु जरुरी छैन,' उनले भने, 'पूर्व प्रधानमन्त्रीलाई पक्कै हुन्छ।' नेपाली कांग्रेसभित्र भारतलाई चिनेका र भारतसँग राम्रो सम्बन्ध भएकामध्ये पर्ने ती नेतालाई 'पक्कै पनि भारतले नेपालबाट केही खोजेको हुनपर्छ' भन्ने शंका छ। म भने उनको यो तर्कसँग सहमत थिइनँ।

एकछिनलाई मानौं, भारतले आफ्नो स्वार्थको कुनै ठूलो प्रस्ताव पहिले कोइरालालाई र अहिले ओलीलाई गोप्य रूपमा दिएको होला, तर त्यसको कार्यान्वयन त गोप्य रूपमा हुन सक्दैन। मैले सोधेँ, 'अहिले जति गोप्य राखे पनि भोलि कार्यान्वयन बेला सबैले थाहा पाइहाल्छन्, आखिर कार्यान्वयन त एउटा प्रधानमन्त्रीले मात्र गर्ने होइन!' 'कार्यान्वयन विस्तारै हुँदै जान्छ,' उनी आफ्नो तर्कमा अडिग थिए, 'हामीलाई कहाँ थाहा हुन्छ ?' उनले भनेजस्तो कार्यान्वयन हुन कैयन वर्ष लाग्ने विषयमा सत्तासीन प्रधानमन्त्रीलाई गोप्य रूपमा च्यापेर भारतको स्वार्थ कसरी पूरा हुन सक्छ? नेपालजस्तो छोटो अवधिमा प्रधानमन्त्री फेरबदल भइरहने अस्थिर सत्ता भएको मुलुकमा नयाँ प्रधानमन्त्री आएपछि फेरि नाकाबन्दी लगाउने कुरा पनि त हुन्न! नेकपा माओवादीले 'जनयुद्ध' कालमै भारतको संस्थापन पक्षसँग 'हामी तपाईंहरूको स्वार्थको ख्याल गर्छौं' भनी लिखित प्रतिबद्धता जनाएको थियो। कि त भारतले यसपालि पनि त्यस्तै खालको तुरुन्तै कार्यान्वयन गर्नु नपर्ने सैद्धान्तिक प्रतिबद्धता मागेको हुनुपर्यो! तर, भारतले त्यस्तो प्रतिबद्धता कोइराला वा ओलीसँग किन मागिराख्नुपर्छ? नेपालका मुख्य राजनीतिक दलहरू भारतका जायज स्वार्थप्रति व्यवहारिक रूपमै प्रतिबद्ध छँदैछन्।

मैले ती नेतालाई अन्तिममा सोधेँ, 'अहिलेको गाँठो खुल्दै खुलेन भने तपाईंलाई लाग्छ, कोइराला वा ओलीले भारतले के खोजेको हो भनेर कहिल्यै नेपाली जनतालाई बताउने छन्?' 'कोइरालाले त भन्दैनन्,' उनले भने,-'ओलीले भने आफूलाई अप्ठ्यारो पर्दै गए भन्न सक्छन्।' त्यसको केही दिनपछि नै प्रधानमन्त्री ओलीले संसदमा रहेका पार्टीका नेतासँगको छलफलमा भने, 'भारतले के चाहेको हो मैले थाहा पाउन सकेको छैन।'

कांग्रेसका ती पदाधिकारीले भनेजस्तो प्रधानमन्त्री ओलीले कुनै दिन सबैसामु दिल्लीको राज खोल्लान् भन्ने मलाई लाग्दैन। दुई मुलुकबीच कतिपय कुरा शीर्ष तहमा गोप्य रूपले हुन्छन्। यसमा विवाद छैन। तर, गोप्य काम हुने भनेको प्रायः सम्बन्ध राम्रो भएका बेला हो। पञ्चायत र बहुदल कालमा पनि यी दुई छिमेकी मुलुकबीच केही दूरगामी महत्व राख्ने र केही तात्कालिक विषयमा गोप्य सहमतिहरू नभएका होइनन्। नाकाबन्दी नै लगाएर, केही महिना वा वर्षमा हट्ने एक जना प्रधानमन्त्रीलाई मात्र थाहा दिएर कुनै काम आजै गराउन अहिलेको समयमा सम्भव छ भन्ने मलाई लाग्दैन। नेपाली नेताहरूले आफ्नो बाचा पूरा नगर्दा भारत रिसले नाकाबन्दीको स्तरसम्म ओर्लिनुपरेको अर्को तर्क पनि छ। यो मूलतः भारतले नै प्रचारमा ल्याएको तर्क हो। पछिल्लो समय परराष्ट्रमन्त्री कमल थापाले आफू दोस्रोपटक भारत जानुअघि यसलाई पुनः प्रचारमा ल्याए। केही साताअघि भारतीय राजदूत रणजित रायले करिब एक दर्जन सम्पादकसँग दूतावासमा भएको भेटघाटमा पनि नेपाली नेताहरूले भारतीय नेताहरूलाई माथिल्लो तहमा दिएको बचन नराखेको बताएका थिए। उनको भनाइअनुसार पछिल्लोपटक पुष्पकमल दाहाल र शेरबहादुर देउवा दिल्ली जाँदा प्रधानमन्त्री नरेन्द्र मोदीले 'सबैलाई सँगै लिएर जान' दुवै नेतालाई सुझाएका थिए।

'दुवै नेताले सबै दलसँग वार्ता भइरहेको र अन्तिममा सबै पार्टीको सहमतिमै संविधान जारी हुने विश्वास दिलाउनुभएको थियो,' रायले भने, 'तर, त्यस्तो भएन।' राजदूत रायले संविधानबाट 'धर्म निरपेक्षता' नहटेकोमा भारत रिसाएको भन्ने तर्कको खण्डन पनि गरे। मोदी नेपालको पहिलो भ्रमणमा आउँदा उनले संसदमा गर्ने सम्बोधनमा 'संघीय लोकतान्त्रिक गणतन्त्र' भन्ने कि नभन्नेबारे छलफल भएको खबर भारतीय सञ्चार माध्यममा आएको थियो। पछि मोदीले 'संघीय लोकतान्त्रिक गणतन्त्र' भनेरै नेपालको संसदमा सम्बोधन गरे। संघीय लोकतान्त्रिक गणतन्त्रको 'फ्रेमवर्क' भित्र धर्म निरपेक्षता पनि पर्छ।

मोदीले आफ्ना दुवै नेपाल भ्रमण वा भारतको कुनै पनि उच्चस्तरीय नेपाल भ्रमणमा नछिरेको धर्म निरपेक्षताको मुद्दामा एकाएक दाहाल र देउवालाई बाचा गराएका थिए भनी पत्याउन मुश्किल छ। दाहाल र देउवा दुवैले भारतको सरकारी ओहोदामा रहेका कुनै पनि अधिकारीले धर्म निरपेक्षताको प्रश्न नउठाएको बताएका छन्। करिब सात वर्षअघि धर्म निरपेक्ष घोषणा भएको मुलुकले आन्तरिक असहमतिका बाबजुद धर्म निरपेक्षता हटाउनुपर्थ्यो भनेर 'सेक्युलर' भारत रिसाएको छ र नाकाबन्दीको प्रमुख कारण त्यही हो भन्ने तर्क स्थापित हुने आधार अहिलेसम्म भेटिएको छैन। त्यसो भए, भारत रिसाउनुको कारण के? नाकाबन्दी लगाउनुको कारण के? यी प्रश्नको उत्तर दुइटा फ्रेममा खोज्नुपर्छ। पहिलो, इस्ट इन्डिया कम्पनीको युगदेखि स्वतन्त्र भारतको वर्तमान समयसम्म दुई देशबीच रहेको असमान सम्बन्धको फ्रेम। दोस्रो, तात्कालिक घटनाहरूको विकास क्रमको फ्रेम। पहिले, ऐतिहासिक रूपमा हाम्रो असमान सम्बन्धका केही झलक हेरौं।

-इस्ट इन्डिया कम्पनीका नेपालस्थित आवासीय प्रतिनिधिलाई भेट्न लैनचौर जानुअघि तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरले टुँडिखेलमा गर्वसाथ सुनाएका थिए रे, 'आज लैनमा बडाहाकिमलाई भेट्न जाँदै छौं।'

-२००७ सालको परिवर्तनपछि केही समयसम्म मन्त्रिपरिषद बैठकमा तत्कालीन भारतीय राजदूत चन्देश्वरप्रसाद नारायण सिंह पनि उपस्थित हुन्थे।

-२००८ सालमा मातृकाप्रसाद कोइराला प्रधानमन्त्री भएपछि भारतले नेपाललाई बेलायत र अमेरिकाबाहेक थप मुलुकमा दूतावास नखोल्न सुझाएको थियो। उसको तर्क थियो, 'सबै मुलुकमा दूतावास खोल्दा नेपालजस्तो गरिब देशको खर्च धेरै हुन्छ। त्यसैले, हाम्रै दूतावासमार्फत् काम चलाऊ।' भारतको उक्त प्रस्ताव नमान्न दिल्लीस्थित नेपाली राजदूत विजयशमशेर राणाले परराष्ट्रसचिव आचार्य नरेन्द्रमणिलाई चिठी लेखेको उनले पछि उल्लेख गरेका छन्।

-बिपी कोइरालाले प्रथम जननिर्वाचित प्रधानमन्त्रीका रूपमा भारत भ्रमण गरे। भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुसँगको भेटपछि उनी मुख रातो पारेर आएको उनका स्वकीय सचिव कुमार ज्ञवालीले लेखेका छन्। ज्ञवालीका अनुसार नेहरुले बिपीलाई चीन भ्रमण नगर्न सुझाव दिएपछि भनाभन भएको थियो। यही कारणले उनी रिसले चुर भएका थिए। बिपी पछि चीन भ्रमणमा गएरै छाडे।

-पहिलो संविधानसभा चुनावपछि पुष्पकमल दाहाललाई पनि उनको पहिलो विदेश भ्रमण चीनमा नगर्न भारतले सुझाएको थियो। उनी ओलिम्पिक खेल उद्घाटनको निम्तो मान्न चीन गए र फर्किएर एयरपोर्टमा भने, 'पहिलो औपचारिक भ्रमण भारतकै गर्नेछु।' भारतकै विरोधका कारण राष्ट्रपति रामवरण यादव ओलम्पिकको समापन समारोहमा भाग लिन चीन गएनन्। नेपाल-भारत बीचको असमान सम्बन्ध र स्वतन्त्र भारतको हेपाहा व्यवहार झल्काउने यी केही उदाहरण हुन्। यसबाहेक नेपालका मुख्य राजनीतिक घटनाक्रममा भारतको भूमिका जगजाहेरै छ। २००७, २०४६ र २०६२-६३ का परिवर्तनमा भारतको सहयोगबाहेक कैयनपटक कुन व्यक्तिलाई प्रधानमन्त्री बनाउने वा रोक्ने काम मात्र हैन, कतिपय संवैधानिक अंगका नियुक्तिमा समेत भारतको संलग्नता छ। त्यसो भए राणा शासनबाट मुक्त भएपछिको नेपालसँग त्यसबेलादेखि अहिलेसम्म स्वतन्त्र भारतले खोजेको के हो? यो प्रसंगमा बिपी कोइराला र उनका चेला चक्र बाँस्तोला बीचको संवाद रोचक छ। बाँस्तोला बिपीलाई सोध्छन्, 'सान्दाजु, भारतले नेपालसँग खोजेको के हो?' बिपी चक्रलाई भन्छन्, 'भारतको स्वार्थ 'स्ट्रक्चरल ग्यारेन्टी' हो।'

चक्र फेरि सोध्छन्, 'के हो स्ट्रक्चरल ग्यारेन्टी भनेको?' 'मैले चीन भ्रमणमा जाँदा सूर्यप्रसाद उपाध्यायलाई किन लगें हुँला? त्यही हो स्ट्रक्चरल ग्यारेन्टी भनेको।' सूर्यप्रसाद भारतसँग नजिक थिए। उनी भारतको हित हेर्थे भनेर आलोचित छन्। बिपीले आफ्नो आत्मवृत्तान्तमा सबैभन्दा कटु आलोचना गरेको उपाध्यायकै हो। उपाध्यायको सम्बन्धका आयाम थाहा पाउँदा-पाउँदै बिपीले ०१५ सालमा चुनाव हारेका उनलाई आफ्नो क्याबिनेटमा गृहमन्त्री बनाएका थिए।

लामो समय सिंहदरबारमा बसेर नेपाल-भारत सम्बन्धलाई नजिकबाट हेरेका एक व्यक्तिले भने, 'भारत आफ्नो स्वार्थ मात्र पूरा होस् भन्ने चाहँदैन, त्यो स्वार्थ पूरा हुन्छ कि हुन्न वा नेपालले आफ्नो स्वार्थविपरीत केही गर्छ कि भनी निगरानी राख्न मुख्य ठाउँहरूमा आफ्ना मान्छेको उपस्थिति पनि चाहन्छ।' भारतीय स्वार्थको 'स्ट्रक्चरल ग्यारेन्टी' भनेको त्यही हो। सायद यही कारणले बिपीले उपाध्यायलाई आफ्नो क्याबिनेटमा राखे। आफूसँगै चीन लगे। अमरेशकुमार सिंह पनि यही कारणले शान्ति प्रक्रियासँगै बालुवाटारमा झुल्किएका हुन् र झिना-मसिनादेखि निर्णायक बैठकहरूमा निर्वाध प्रवेश पाएका हुन्। गिरिजाप्रसाद कोइरालाले अमरेशको उपस्थितिको प्रयोजन थाहा पाएर पनि उनलाई स्थान दिएका हुन्। राज्यका छिद्रछिद्रमा त्यस्ता कति व्यक्तिको उपस्थिति होला, जसले जानी-नजानी भारतसमक्ष सूचना पुर्याउँछन्! अहिलेको नाकाबन्दीलाई तात्कालिक घटनाको फ्रेमबाट हेर्दा हामीले नेपाल-भारत सम्बन्धको ऐतिहासिक फ्रेम पनि याद राख्नु जरुरी छ।

नाकाबन्दीसम्म आइपुग्दा यसपालिका घटनाक्रम भने 'स्ट्रेट-फरवार्ड' छन्। हामीले भारतको जतिसुकै आलोचना गरे पनि, भारतले के खोजेको भनेर भुट्भुटिए पनि यसपालि उसको एउटा भनाइमा निरन्तरता छ। विशेषगरी भारतीय प्रधानमन्त्री मोदीको दोस्रो नेपाल भ्रमणदेखि आजसम्म भारतले एउटै कुरा भन्दै आएको छ- जसरी पनि सबैलाई सँगै लिएर मात्र संविधान जारी गर।

मोदीले दोस्रो नेपाल भ्रमण क्रममा ट्रमा सेन्टर उद्घाटन गर्दै भाषण गरेका थिए, 'संविधान अंक गणितसे नही होगा, सबको साथ लेकर हि संविधान जारी करना चाहिए।' उक्त भाषणपछि मोदीले प्रमुख पार्टीका नेतालाई छुट्टाछुट्टै भेटे। एक एमाले नेताका अनुसार सामूहिक भेटमा एमाले नेताहरूले मोदीलाई भने,-'३० वटाभन्दा धेरै दल संविधानसभामा छन्, सबै पार्टीबीच सर्वसम्मत त सम्भव नहोला। त्यो अवस्थामा हामी लोकतान्त्रिक विधिले संविधान लेख्छौं।'

मोदीले तुरुन्तै भने,-'पहले प्रयास तो किजिए।' एकीकृत माओवादी त्यो बेला प्रतिपक्षमा थियो, आन्दोलनरत थियो। सहमतिबिना संविधान जारी गर्न पाइन्न भन्ने उसको अडान थियो। मंसिर ७ गते (नोभेम्बर २२) संविधान जारी गर्ने मिति तय भएको थियो। मोदी-एमाओवादी बैठकमा उपस्थित एक नेताका अनुसार मोदीले दाहालको पाखुरा समात्दै भनेका थिए, 'प्रचण्डजी, संविधान नोभेम्बर २२ मे ही आना चाहिए, इधर उधर ना हो।'

वैशाख १२ को भुइँचालोपछि काठमाडौंमा आयोजित अन्तर्राष्ट्रिय पुनर्निर्माण सम्मेलनमा आएकी भारतीय विदेशमन्त्री सुष्मा स्वराजले पनि सबैले मिलेर संविधान ल्याउनुपर्नेमा जोड दिएकी थिइन्। १६ बुँदे सहमतिपछि दिल्लीमा आमन्त्रण गरेर दाहाल र देउवा दुवैलाई मोदीले भनेको पनि 'सबै मिलेर मात्र संविधान जारी गर्नू' नै हो। यहाँनिर भारतको एउटा कुरामा सुरुदेखि अन्तिमसम्म जोड देखियो, मधेसी मोर्चाको सहमतिबिना संविधान जारी नगर।

जब मधेसवादी पार्टीहरूको बहिस्कारबीच संविधान पारित गर्ने प्रक्रिया अघि बढ्यो, मोदीले विदेश सचिव जयशंकरलाई विशेष दूत बनाएर काठमाडौं उतारे। मधेसी पार्टीलाई सँगै लिएर मात्र संविधान जारी गराउन भारतले गरेको अन्तिम प्रयास थियो त्यो। यसका बाबजुद मधेसवादीहरूको संलग्नता बिनै संविधान जारी भएपछि रिसाएको भारत र चिढिएका मोदीले एकैचोटि नाकाबन्दीको ब्रह्मास्त्र चलाइदिए।

अन्तरिम संविधानमा भएका कैयन प्रावधान मधेसको विरोधका बाबजुद कतिपय नेताहरूको संकीर्णताका कारण यो संविधानबाट हटाइएकै हुन्। मधेसमा लामो समय आन्दोलन चल्दा र दर्जनौं मानिसको ज्यान जाँदा समेत राज्य यथोचित् सम्बोधन गर्न चुकेकै हो। मधेसी मोर्चाका मागका पनि जायज-नाजायज पाटा छन्।

तर, नेपालको संविधानलाई लिएर दिल्लीमा ठूलै 'गलतफहमी' रहेको भने देखियो। सुष्मा स्वराजले राज्यसभाको भाषणमै 'बिहे गरेर नेपाल आउने भारतीय महिलाले नयाँ संविधानअनुसार नागरिकता पाउन नसक्ने' जिकिर गरिन्। नेपाल बसेका पूर्व राजदूतहरूले नै अहिलेको संविधानअनुसार ५० प्रतिशत जनसंख्या ओगटेको मधेसमा १६५ मध्ये ६५ निर्वाचन क्षेत्र मात्र राखेर मधेसी जनताको प्रतिनिधित्वमा व्यापक कटौती गर्न खोजिएको भन्दै लेख लेखे। मेरा एक मित्रले अस्ति हाँस्दै भने,-'हाम्रो संविधान भारतले नोटिसमा मात्र लिएको हो, पढेकै छैन, त्यसैले थाहा नभएको होला।'

वास्तवमा भारतीय नाकाबन्दी संविधान राम्रो वा नराम्रो छ भनेर लागेकै हैन। नाकाबन्दी किन लाग्यो भनेर बुझ्न तत्कालीन घटनाको विकासक्रम र नेपाल-भारत बीच असमान राजनीतिक सम्बन्धको ऐतिहासिक फ्रेमलाई सँगै राखेर हेर्नुपर्छ। उसको चस्माबाट हेर्दा भारतलाई लाग्दो हो, नेपालको दैनिक राजनीतिमा र परिवर्तनका मुख्य मोडमा सधैं आफ्नो हात रहँदै आएको छ। सात सालदेखिका प्रसंग छाडौं, नेपालले आफैं सुल्झाउन नसकेका पछिल्ला केही वर्षका आन्तरिक राजनीतिमा समेत उसले सहजीकरण गरेको छ वा पक्ष लिएको छ। चाहे त्यो बाह्रबुँदे सम्झौता होस्, कटवाल प्रकरण होस् वा खिलराज रेग्मीलाई मन्त्रिपरिषद अध्यक्ष बनाएर दोस्रो संविधानसभा चुनाव गराएको प्रसंग होस्।

नेपालले संविधान जारी गर्नु एक साताअघि भदौ २८ गते (सेप्टेम्बर १४) भारतीय विदेशमन्त्री सुष्मा स्वराजले दिल्लीमा जारी गरेको वक्तव्यमा एउटा वाक्यांश छ-'नेपालमा राजनीतिक वा प्राकृतिक जेसुकै विपद परोस् भारत सहयोग गर्न 'ड्युटी बाउन्ड' (कर्तव्यनिष्ठ) छ।'

त्यही 'कर्तव्यबोध' कै कारण मोदीले संविधान जारी गर्दा एक जना पनि नछुटोस् भनेका हुन्। दाहाललाई पाखुरा समातेर 'नोभेम्बर २२ मै संविधान ल्याउनुपर्छ' भनेका हुन्। नत्र एउटा मुलुकको सरकार प्रमुखले अर्को मुलुकका राजनीतिज्ञहरूलाई कसरी यही मितिमा, यसरी संविधान ल्याउनुपर्छ भनेर 'खबरदारी' गर्न सक्छ? आफूले 'कर्तव्यबोध' का कारण दिएको सुझाव र खबरदारी नेपाल सरकार तथा मुख्य पार्टीहरूले नमानेपछि मोदीले नाकाबन्दी गरेका हुन्। यसमा मोदीको असहिष्णु व्यक्तित्वको पनि ठूलो हात छ। तर, नेपालमा आफ्नो 'हेजेमोनिक' उपस्थितिलाई नै चुनौती दिने गरी प्रमुख दलहरूले आफ्नो सुझाव अस्वीकार गरेको भारतले सहजै पचाउन नसकेको पक्कै हो। मधेसी दललाई जसरी पनि सँगै लिएर जानुपर्छ भन्ने भारतको हठमा नेपालको राजनीतिमा उसले खोज्ने 'स्ट्रक्चरल ग्यारेन्टी' को अंश पनि छ।

नेपालका कुनै पनि प्रमुख पार्टी भारत वा चीनको आधारभूत हितविरुद्ध जान चाहँदैनन्, गएका छैनन्। तर, भारत शंकालु छ। उसलाई त्यतिले मात्र पुग्दैन। प्रत्येक पार्टीभित्र उसले आफूप्रति 'लोयल' मानिसहरू खडा गरेको छ। ती 'आफ्ना' मानिसभन्दा धेरै भरोसा उसले मधेसी पार्टीहरूलाई नै गर्छ। भारतलाई नेपालमा आफ्नो मुलुकको हित गर्ने 'स्ट्रक्चरल ग्यारेन्टी' निम्ति सबैभन्दा महत्वपूर्ण कडी मधेसी पार्टीहरू नै हुन् भन्ने लाग्छ। निष्कर्षमा भन्दा, ऐतिहासिक रूपले नेपालमा भारतीय उपस्थितिका तीन फ्रेम छन्।

पहिलो, २००७ सालदेखि नै नेपालको राजनीतिको सामान्यकाल र परिवर्तनका मुख्य मोडमा भारत संलग्न छ। दोस्रो, नेपालको राज्यसत्ताबाट ऊ आफ्नो हितको 'स्ट्रक्चरल ग्यारेन्टी' चाहन्छ। तेस्रो, भारतको नेपालमाथि 'हेजेमोनिक' अर्थात् हेपाहापूर्ण दृष्टि छ। भारत नेपालसँगको सम्बन्धमा यो फ्रेम जारी रहोस् भन्ने चाहन्छ।

संविधान जारी गर्दाताका विकसित घटनाक्रमहरू यो ऐतिहासिक फ्रेमसँग ठोक्किँदा भारत नाकाबन्दीसम्म ओर्लेको हो। के भारतसँग हाम्रो सम्बन्धको फ्रेमवर्क नै परिवर्तन गरेर नयाँ फ्रेमवर्क स्थापित गर्न सम्भव छ?

(सेतोपाटी डटकमबाट)

# प्रेस युनियनद्वारा ध्यानाकर्षण

**काठमाडौं १ पुस।**

सूचना प्रविधि क्षेत्रसँग जोडिएको संस्था डिस होमको भैंसेपाटीस्थित कार्यालयमा आज गरिएको आक्रमणप्रति नेपाल प्रेस युनियनले आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। भारतीय हिन्दी च्यानल प्रसारण गराएको भन्दै नेकपा माओवादी नेत्रविक्रम चन्द विप्लव समूहले गरेको भनिएको सो आक्रमणप्रति आफूहरुको गम्भीर ध्यानाकर्षण भएको युनियनका महासचिव अजयबाबु शिवाकोटीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

डिस होमको टावरमा गरिएको बम आक्रमणबाट साढे दुई करोडको क्षति हुनुका साथै साढे पाँच लाख ग्राहकले पाउँदै आएको सेवा अवरुद्ध भएको डिस होमका डिजिएम कल्याण अधिकारीको दाबी रहेको विज्ञप्तिमा जनाइएको छ।

"कुनै राजनीतिक दलका तर्फबाट केही च्यानल प्रसारण नगर्न चेतावनी दिने र प्रसारण रोकेको भन्दै सरकारले प्रसारण रोक्ने संस्थालाई कारबाहीको धम्की दिएको पृष्ठभूमिमा डिस होमको केन्द्रीय कार्यालयमा बम प्रहार गरिएको देखिएको छ"-विज्ञप्तिमा उल्लेख छ।

राजनीतिक समस्या राजनीतिक ढङ्गले नै समाधान हुनुपर्नेमा त्यसतर्फ नलागी व्यवसायी र त्यसमा काम गर्ने कर्मचारीलाई सरकार र राजनीतिक दल विशेषले तारो बनाउने कार्यको आफूहरु सदैव विपक्षमा रहेको युनियनले जनाएको छ।

युनियनले उचित व्यावसायिक वातावरण बनाउँदै नागरिकको सुसूचित हुने अधिकारको सम्मान गर्न सम्बन्धित सबै पक्षसँग जोडदार माग गरेको छ। रासस



कास्कीको प्रमुख जिल्ला अधिकारीबाट सरुवा भई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन कार्यालयमा जिम्मेवारी सम्हाल्न जान लागेका कृष्णवहादुर राउतलाई बिदाई गर्नेक्रममा सामुहिक तस्वीर खिचाउँदै पश्चिमाञ्चल होटल संघ पोखराका पदाधिकारीहरु । तस्वीर : गोल्डेन न्यूज

# ‘आन्तरिक पर्यटकलाई निम्तो’ अभियान

**पोखरा १ पुस ।**

भूकम्प र नाकाबन्दीका कारण प्रभावित पर्यटकीय नगरी पोखराको पर्यटकीय विकासलाई सहयोग गर्ने उद्देश्यले रेस्टुराँ एण्ड बार एसोसिएसन अफ नेपाल(रेवान)ले आन्तरिक पर्यटनको प्रवर्द्धनका लागि पोखरा महोत्सवमा सहभागी हुन निम्तो अभियान आजदेखि सुरु गरेको छ । ‘सडकमै खाऔँ, सडकमै नाचौँ र सडकमै रमाउँ’ नाराका साथ आगामी पुस १३ देखि १७ गतेसम्म पोखराको लेकसाइडमा सञ्चालन हुने सडक महोत्सवमा देशका विभिन्न ठाउँबाट आन्तरिक पर्यटकलाई पोखरा बोलाउने लक्ष्यका साथ अभियान सुरु गरिएको हो ।

रेवानका अध्यक्ष गोपिबहादुर भट्टराईका अनुसार अभियानअन्तर्गत आज भैरहवामा त्यहाँका उद्योगी, पर्यटन व्यवसायीसँग समन्वय गरी अन्तर्क्रिया एवम् पत्रकार भेटघाट गरिने भएको छ । “भूकम्प र नाकाबन्दीका कारण प्रभावित यहाँको पर्यटनलाई पूर्ववत् अवस्थामा ल्याउन महोत्सव निकै उपयोगी हुन सक्छ,” उनले भने । सुस्ताएको पोखराको पर्यटनलाई उकास्न प्रमुख शहरहरूमा निम्तो अभियान सुरु गरिएको उनले बताए । अभियानअन्तर्गत भैरहवा, चितवन, काठमाडौँलगायतका मुख्य शहरमा पत्रकार सम्मेलन गर्ने तयारी गरिएको छ । सो क्रममा स्थानीय व्यवसायी र पर्यटन सम्बद्ध क्षेत्रका व्यक्ति एवम् संस्थासँग पोखरामा आन्तरिक पर्यटक पठाउन आग्रह गरिने छ । विदेशी पर्यटकको अत्यधिक चाप हुने समयमा अहिले पर्यटकको मन्दी छाएका कारण आन्तरिक पर्यटनको विकासले व्यवसायीलाई केही मात्रामा भए पनि राहत पुग्ने पर्यटन व्यवसायी चौबहादुर गुरुङ बताउछन् ।

“पर्यटकीय आकर्षण भूकम्प पहिले जस्तो थियो अहिले पनि त्यस्तै छ भन्ने सन्देश दिनु आवश्यक छ,” उनले भन, “निम्तो अभियानले स्वदेशी पर्यटकलाई यहाँ एकपटक अवस्य घुम्न आउने वातावरण सिर्जना गर्ने विश्वास लिएका छौँ ।” पर्यटकीयस्थल लेकसाइडलाई पूर्णरुपमा समेट्दै गरिन लागिएको सडक महोत्सव फेवाताल किनारको शहीदचोकदेखि डिहिकोपाटन सम्मको लगभग तीन किलोमिटर क्षेत्र समेटिने छ । वसुन्धरा पार्कमा विभिन्न मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गरिने छ ।

विभिन्न सांस्कृतिक कार्यक्रममा रम्दै स्वदेशी तथा विदेशी परिकारको स्वाद लिने व्यवस्था महोत्सवमा मिलाइने साँस्कृतिक उपसमितिका संयोजकसमेत रहेका गुरूङको भनाइ छ । रेवानले आन्तरिक तथा बाह्य पर्यटन वृद्धि गर्दै यहाँको पर्यटकीय विकास गर्ने उद्देश्यले विगत १६ वर्षयता विभिन्न साँस्कृतिक कार्यक्रमका साथ महोत्सव आयोजना गर्दै आएको संयोजक दोर्जे लामाले बताए ।

प्रत्येक वर्ष अङ्ग्रेजी नयाँ वर्षको अवसर पारी गरिने महोत्सवले स्वदेशी तथा विदेशी पर्यटकलाई पोखरामा आकर्षण गर्ने गरेको छ । पोखरामा अङ्ग्रेजी नयाँ वर्षको अवसर पारी महोत्सव गर्नु अघिसम्म नयाँ वर्ष मनाउन विदेशी मात्र नभएर नेपाली पनि विदेश जाने गरेको संयोजक लामा बताउछन् । “महोत्सव मनाउन थालेसँगै नेपालीहरू अङ्ग्रेजी नयाँ वर्ष मनाउन विदेश जान रोकिएको छ नै यसले विदेशी पर्यटक पनि पोखरामा रोकिने गरेका छन्,” उनले भने । महोत्सवमा यस पटक विदेशी खाना तथा सँस्कृति पनि अधिकतम समेट्ने प्रयास भएको लामाले बताए । भूकम्प र नाकाबन्दीले पोखराको पर्यटनमा पारेको असरलाई कम गर्न महोत्सव अत्यन्त उपयोगी हुने विश्वास लिइएको छ । रासस

# भूपिको ८०औं जन्मजयन्तीमा विशेष कवि गोष्ठी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ पुस ।**

कवि भूपी शेरचनको जन्म जयन्तीको अवसरमा पोखरामा विशेष कवि गोष्ठी हुने भएको छ । पोखरेली युवा सांस्कृतिक परिवारले उनको ८० औं जन्म जयन्तीको अवसरमा पुस ४ गते विशेष कवि गोष्ठी गर्ने भएको हो । उनको जन्म भने वि सं १९९२ साल पुस १० गते मुस्ताङ जिल्लाको थाक टुकुचेमा भएको थियो ।

‘भूपी शेरचनको सम्मानमा विशेष कवि गोष्ठीको आयोजना गरेका हौं’, परिवारका अध्यक्ष सुरेश रानाभाटले भने, ‘गोष्ठीमा झण्डै २० जना कविले कविता वाचन गर्नेछन् ।’ कवि भूपी शेरचन यो युगका कवि भएकाले उनको सम्मान र नयाँ पुस्तामा उनको बारेमा जानकारी गराउने खालका कार्यक्रम आवश्यक रहेको कवि तथा परिवारका सल्लाहकार तीर्थ श्रेष्ठले बताए । गोष्ठीमा विशेष रुपमा उनका सहकर्मी तथा उनलाई नजिकबाट चिनेका व्यक्तिहरु पनि उपस्थित भएर उनका सृजनाकर्मका विषयमा जानकारी दिने कार्यक्रम पनि रहेको परिवारले जनाएको छ ।

परिवारले गर्दै आएको समता काव्य सन्धासमेत समावेश गरी हुने गोष्ठीमा उनका केही कविता वाचनसँगै पोखरा तथा आसपासका झण्डै २० जना कविले कविता वाचन गर्ने कार्यक्रम रहेको परिवारका साहित्य संयोजक प्रकास ज्ञवालीले जानकारी दिए । गोष्ठी नयाँ पुरना गरी कविता वाचन गर्ने कविहरुको नाम छनोट भईसकेको र पोखरा उद्योग वाणिज्य संघधको अमृत कक्षमा दिउँसो ३ बजेदेखि गोष्ठी सुरु हुने आयोजकले जानकारी दिएको हो । भूपी जयन्तीकै



अवसरमा थकालि सेवा समितिले पनि ११ गते शनिबार विशेष कार्यक्रम राखेको छ ।

उनको नाम भूपेन्द्रमान शेरचन भएपनि नेपाली साहित्य आकाशमा भूपि शेरचनका नामले परिचित छन् । कवि भूपी शेरचनले नयाँ धारको कविताको शैलीलाई विकास गरेका थिए । उनले हिँडेको कविताको बाटो नै अहिले कविता हिँडिरहेको बताइन्छ । सरल र अनुप्रासयुक्त शब्दहरुमार्फत् सामाजिक विकृतिविसंगतिमा प्रहार गर्नु र परिवर्तनको आव्हान गर्नु उनका सिर्जनाका विशेषता हुन् ।

‘घुम्ने मेचमाथि अन्धो मान्छे’ उनको सबैभन्दा चर्चित कृति हो । शेरचनका ‘परिवर्तन’ नाटक ( २०१०), ‘नयाँ झयाउरे’ गीतिकविता संग्रह (२०१०), ‘निर्झर’ (कविता संग्रह (२०१५), ‘घुम्ने मेचमाथी अन्धो मान्छे’ कवितासंग्रह (२०२५), र पछिल्लो समय २०५७ सालमा शिव रेग्मीको सम्पादनमा ‘भूपि शेरचनका कविताहरू’ -कवितासङ्गह (२०५७) कृति प्रकाशन भएका छन् कवि शेरचनका नयाँ झ्याउरे , निर्झर र घुम्नेमेचमा अन्धोमान्छे कविता संग्रह प्रकाशीत छन । भूपि शेरचनको घुम्ने मेचमाथि अन्धो मान्छे कृति साझा पुरस्कार पाउने पहिलो कृति हो ।

# पौडेलद्वारा सहयोग घोषणा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ पुस ।**

व्यस्थापिका संसदकी सदस्य एवं कास्की क्षेत्र नं. २ बाट निर्वाचित संविधानसभा सदस्य सारदा पौडेलले अन्नपूर्ण मिजार समाज पोखरा-१३ का लागि २ लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरेकी छन् । समाजले बुधबार पोखरा-१३ दुई कुलोको मुहानमा आयोजना गरेको सम्मान कार्यक्रममा उनले समाजको भौतिक र वौद्धिक विकासका लागि सांसद विकास कोषबाट दुई लाख एक हजार रुपैयाँ दिने घोषणा गरेकी हुन् । कार्यक्रममा सभासद पौडेलले आफ्नो क्षमता आँफैले विकास गर्न लाग्नुपर्ने वताइन् । उनले आफ्नो क्षमता बृद्धिले समाज विकासमा ठूलो सहयोग पुग्ने सभासद पौडेलको जोड थियो । संसारमा महिला र पुरुष दुई जात वाहेक अन्य जात नभएको भन्दै पौडेलले नेपालमा कर्मको आधरमा विभिन्न जात नामकरण गरिएको भनिन् । नेपाली काँग्रेस कास्कीका युवा नेता भवसागर वरालले मिजार समाजले समाज विकासमा गरेको प्रगतिको प्रशंसा गरे । अन्नपूर्ण मिजार समाज पोखरा-१३ का कार्यवाहक अध्यक्ष शान्तवहादुर नेपालीको अध्यक्षतमा भएको कार्यक्रममा महिला तथा वाल उत्थान मञ्च पोखराका अध्यक्ष विष्णु कार्की, नेपाली काँग्रेसका युवा नेता जयेन्द्र भण्डारी, उद्यमटोल विकास संस्थाका अध्यक्ष वेदनाथ वराल, मिजार समाजका सल्लाहकार आसविर नेपाली लगायतले वोलका कार्यक्रममा मिजार समाजका सल्लाहकार चेतवहादुर नेपालीले स्वागत र सल्लाहकार लक्ष्मी नेपालीले संचालन गरेकी थिइन ।

# क्रियाशील...

*पूर्वनिधारित मितिमा नै हुनु पर्ने कानुनी बाध्यता रहेको बताएका थिए। क्रियाशील सदस्यताको लागि आवेदन दिने र नविकरण फारम आजभन्दा झण्डै डेढ वर्ष अघि नै भइसकेको अवस्थामा छानविन समितिले एकवर्ष लामो समय लिएर प्रतिवेदन बुझाउदा पनि विस्तृत प्रतिवेदन नदिएकोमा असन्तोष व्यक्त गरेका थिए। सम्भव भएमा २ सय ४० निर्वाचन क्षेत्र र नभएमा कम्तिमा ७५ जिल्लाको सदस्यता वितरण तथा नविकरणको विवरण केन्द्रीय समितिमा पेश भएको भए छलफल र निर्णयका लागि सहज हुने धारणा पनि राखेका थिए।*

*खाँणले अधिवेशनको मिति नजिकिदै आएको अवस्थामा अब धेरै समय लिएर अध्ययन गर्ने अवस्था नभएको भन्दै समितिले दिएको प्रतिवेदन केन्द्रीय समितिले तत्काल छलफल र निर्णय गरी टुंगो लगाउनु पर्ने माग गरेका थिए। संविधान अनुसार, महाविधेशन हुनु एकवर्ष अघि सदस्यता लिएका र नविकरण गरेका सदस्यले मात्रै महाधिवेशनमा मतदान गर्न पाउने प्रावधान अनुसार गतवर्ष नै प्रक्रिया पुरागरी सदस्यताको फारम भरेका नयाँ र पुराना सदस्यलाई महाधिवेशनमा भाग लिन दिनु पर्ने सुझाव राखेका थिए।*

*छानविन समितिले पेश गरेको सक्षिप्त प्रतिवेदनको बचाउ गर्दै समिति सदस्य रमेश लेखकले प्रक्रिया नपुर्‍याई वा अनियमतिता गरी आएका केही जिल्लाका सदस्यहरुको हकमा मात्रै हालका लागि स्थगनको सुझाव दिएको बताए। समितिले विस्तृत विवरण पार्टीलाई बुझाएपनि त्यसको लिखित प्रतिवेदन तयार पार्दा ठूलो ठेली हुने भएको कारण सक्षिप्त प्रतिवेदन छलफलका लागि केन्द्रीय समितिमा पेश गरेको उनले बताए। समितिको प्रतिवेदन छलफल गर्न समय माग भएपछि सभापति सुशील कोइरालाले उक्त प्रतिवेदन बिहीबार ११ बजेदेखि बस्ने बैठकमा छलफल गरिने भन्दै बैठक भालिसम्मका लागि स्थगित गरेका थिए। त्यसअघि उपसभापति रामचन्द्र पौडेलले आफू भोलिदेखि पूर्वी पहाडका जिल्लाको भ्रमणमा जान लागेको भन्दै केन्द्रीय समिति बैठक केही दिन पर राख्न आग्रह गरेपछि पौडेलको जिल्ला दौडाहाबाट असन्तुष्ट बनेका कोइरालाले आफू खुसी जिल्ला घुम्ने भन्दै बैठक भोलि नै राख्ने अडान लिएका थिए।*

# ताया:मचा:नाचका लागि कमिटी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ पुस ।**

रामबजा ताया:मचा: नाच समिति रामबजारले एक कार्यक्रम गरी २०७४ को ताया:मचा: महोत्सवको लागि अमेरिकामा अर्थ संकलन समिति गठन गरेको छ । समिति गठन गर्ने कार्यक्रममा नेवा:खल कास्कीका अध्यक्ष अशोक पालिखेको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा रामबजार ताया:मचा: नाचलाई सहयोग गर्ने दाता एवम् अमेरिकामा अर्थ संकलन संयोजक भिमसेन श्रेष्ठलाई सम्मानपले सम्मान गर्दै रामबजार ताया:मचा: नाच समितिले गरेको कार्यको प्रसंसा गरे ।

उनले २०७४ सालको ताया:मचा: महोत्सव लाई विदेशमा रहेका नेपाली संगठन खोली आर्थिक सहयोग समिति गठन गर्नु राम्रो कार्य र राम्रो शुरुवात भएको बताउँदै सफलताको कामना गरे ।

रामबजार ताया:मचा: नाच समितिको अर्थ संकलन उपसमिति गठन कार्यमा श्रीकृष्ण मन्दिर संचालक समिति, मन्दिरका आमा समूह, रामबजार मिसा पुच:, रामबजार ल्याम्ह: पूच र टोल सुधार समिति रामबजारले समेत स्वागत गरेको कार्यक्रममा २०७४ सालको ताया:मचा: नाच महोत्सवको लागि अमेरिका निवासी रामबजार सोसाइटी युकेका सल्लाहकार अमकेरिकाका अरु संकलन समितिका संयोजक भीमसेन कुमार श्रेष्ठले महोत्सव सफल पार्न अग्रिम रु.१० सहयोग प्रदान गरेका थिए ।

कार्यक्रममा रामबजार सोसाइटी युकेका सल्लाहकार महेश गुरुङ्ग, श्रीकृष्ण मन्दिर संचालक समितिका संरक्षक गणेश कुमार प्रधान, श्रीकृष्ण मन्दिर आमा समूहका अध्यक्ष मिना भण्डारी, रामबजार मिसा: पुचका अध्यक्ष समिति रन्जित लगायतले पनि बोलेका थिए ।

त्यस अवसरमा अमेरिकामा रहेका अर्थ संकलन समितिका संयोजक भिमसेन कुमार श्रेष्ठले महोत्सव सफल पार्न लागि पर्ने बताए। समितिको सह-संयोजकमा महेन्द्र कतिला, सदस्यहरुमा जयराम श्रेष्ठ, श्रवण श्रेष्ठ, प्रकाश श्रेष्ठ, काशीकुमार जोशी लगायतका व्यक्ति चयन गरिएको सचिव विश्व तण्डुकारले बताए । समितिका उपाध्यक्ष सम्मरबहादुर श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रम समितिका प्रथम उपाध्यक्ष नारायण श्रेष्ठले संचालन गरेका थिए ।




# फूलवारी आमा समूहद्वारा खानेपानी ट्याङ्की निर्माण

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ पुस ।**

फूलवारी आमा समूह पोखरा-१५ को पहिलो वार्षिकोत्सवका अवसरमा नवनिर्मित खानेपानी ट्याङ्कीको उद्घाटन गरिएको छ । स्व पिता नरवहादुर बाँनियाको स्मृतिमा छोरा समाजसेवी तथा युवा उद्यमी तोरणबहादुर बाँनिया र बुहारी लक्ष्मी बाँनिया तथा घर परीवारका तर्फवाट खानेपानी निर्माण गरेका हुन् भने ओशो खानेपानीले बोरिङको शुद्ध खानेपनी नि:शुल्क रुपमा प्रदान गरेको हो ।



खानेपानी ट्याङ्कीको उद्घाटन गर्दै समाजसेवी तोरण बहादुर बानियाँले पिताजीको स्मृतिमा केही सेवा गर्ने रहर पुरा गरेको भन्दै आगामी दिनमा समेत समाज सेवामा निरन्तरता दिने वताए । उनले धन सबैथोक नभई जीवनयापन गर्ने साधन भएका कारण कमाएको धनको केही अंश सेवामा समर्पण गर्नु मान्छेको धर्म भएको बताए । त्यस्तै नेपाल पत्रकार महासंघका केन्द्रीस्य सदस्य सुष्मा पौडेलले जो मानिस बाचिन्जेल अरुलाई सेवा र उपकार गर्छ त्यही मानीस नै सबैभन्दा सुखी र धनी हुनेमा जोड दिंदै अरुलाई सेवा नगर्ने तर घरघडेरी मात्र जोड्ने मानिस हेर्दा धनी भएपनि गरिब हुने बताइन् । त्यस्तै वडाका पूर्व वडा अध्यक्षद्वय शिवबहादुर बाँनिया र मिनबहादुर गिरीले सेवा जस्तो ठूलो अरु धर्म नभएको कारण आफूले सक्दो सेवा गर्नुपर्नेमा जोड दिए ।

त्यस्तैगरि वडा समन्वय समितिका अध्यक्ष प्रकाश पौडेल, महिला समन्वय समितिका वडा अध्यक्ष पार्वती कार्की र महिला न्यायिक मञ्चका अध्यक्ष मिना भण्डारीले आमा समूहले छोटो समयमा समेत उल्लेख्य कार्य गरेको भन्दै प्रशंसा गरे ।

त्यस्तै व्रह्मकुमारी इशवरीय विश्व विद्यालयका व्रह्मकह्मारी रचनाले दानीलाई कहिल्यै हानी नहुने भएकाले दान गर्न कहिल्यै पछि हट्न नहुनेमा जोड दिइन् ।

अध्यक्ष विष्णु गिरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष सावित्री वलीले स्वागत मंतव्य व्यक्त गरेकी थिइन भने कार्यक्रमको सञ्चालन सचिव इन्दिरा गिरीले गरेकी थिइन् ।

कार्यक्रममा खानेपानी निर्माण गरेर सहयोग गर्ने समाजसेवी तोरणबहादुर बाँनिया र पानी सहयोग गर्ने ओशो खानेपानीका संचालक विशाल गुरुङलाई सम्मान पत्र, दोसल्ला तथा मालाद्वारा सम्मान गरीएको थियो भने समाज विकासमा योगदान पुर्‍याउने समाजिक अभियन्ता सुष्मा पौडेललाई दोसल्ला माला र खादाद्वारा सम्मान गरीएको थियो । साथै समाजसेवी लक्ष्मी बाँनिया, प्रकाश पौडेल र पार्वती कार्की लगायतलाई माला र खादाद्वारा सम्मान गरिएको थियो ।

# आप्रवासन दिवस मनाइने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ पुस ।**

आप्रवासन दिवस २०१५ को अवसरमा कास्कीमा विभिन्न कार्यक्रम गरिने भएको छ । आप्रवासी कामदारहरु र तिनका परिवारहरुको सुरक्षाको लागि अन्तराष्ट्रिय महासन्धी पारीत भएको सम्झनामा १८ डिसेम्बर अर्थात पुष ३ गते मनाइने पोखरामा आयोजित पत्रकार सम्मेलन मार्फत जानकारी दिइएको हो ।

दिवसको सन्दर्भमा स्थानिय रेडियो, टेलिभिजनमा कार्यक्रम गर्ने, सुरक्षित आप्रवासनबारे प्रचार सामाग्री प्रकाशन तथा वितरण गर्ने र पुष तीन गते पोखराको सभागृह बाट मानवअधिकार चोक सम्म सुरक्षित आप्रवासन बारे सचेतनामुलक साँस्कृतिक कार्यक्रम गरिने जिल्ला विकास समितिका योजना अधिकृत कीर्तनराज पौडेलले जानकारी दिए ।

यस्तै कार्यक्रममा लोकप्रिय लोकदोहोरी गायक गायीकाको सहभागिता रहने जनाइएको छ । पत्रकार सम्मेलनमा बोल्दै जिल्ला विकास अधिकारी रामचन्द्र तिवारीले जनचेतना जगाउन कार्यक्रम गर्न लागिएको बताए ।




सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा